नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र

# १. जीवनाशक विषादी पञ्जीकरण प्रक्रिया तथा कार्यविधि, २०८३

प्रस्तावना: जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा ३ को उपदफा (१) बमोजिम कुनै व्यक्ति, संस्था वा निकायले जीवनाशक विषादी तथा त्यस्तो विषादीको सक्रिय तत्त्वको उत्पादन, संश्लेषण, निकासी, पैठारी, व्यावसायिक प्रयोग, भण्डारण, बिक्री-वितरण, ओसारपसार, प्याकिङ वा पुनःप्याकिङ गर्नुअघि पञ्जीकरण गराउनु पर्ने व्यवस्था रहेको छ। साथै, जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ को नियम ३, ४ र ५ मा क्रमशः पञ्जीकरणका लागि निवेदन दिने, पञ्जीकरणका सर्त पूरा गर्ने तथा पञ्जीकरण प्रमाणपत्र प्रदान गर्ने व्यवस्था गरिएको छ। उक्त ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरी जीवनाशक विषादीको पञ्जीकरण प्रक्रियालाई सरल, सहज, पारदर्शी, समयसापेक्ष तथा परिणाममुखी बनाउने उद्देश्यले जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा १५ को खण्ड (ग) बमोजिम प्राप्त अधिकार प्रयोग गरी प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "**जीवनाशक विषादीको पञ्जीकरण गर्ने प्रक्रिया तथा** कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ सम्झनु पर्छ।

## परिच्छेद-२

३. निवेदन पेश गर्ने व्यक्ति, संस्था वा निकायको योग्यता र कागजातः (१) जीवनाशक विषादी तथा त्यस्तो जीवनाशक विषादीको सक्रिय तत्व समेतको पञ्जीकरण गराउन चाहने व्यक्ति, संस्था वा निकायले जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ को नियम ३ को उपनियम (१) अनुसार देहायका कागजात तथा विवरणहरु नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 906 मार्फत केन्द्र समक्ष पेश गर्नु पर्नेछ,

(क) प्रचलित कानून बमोजिम व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि वा निकाय भएमा त्यस्तो निकायको आधिकारिक पत्र,

(ख) जीवनाशक विषादीको कारोबार खुलेको स्थायी लेखा नम्बर,

ओजराज सापकोटा
प्रमुख

(ग) जीवनाशक विषादी उत्पादन र संश्लेषण, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्ने वा निकासी पैठारी गर्ने व्यक्ति, संस्था वा निकायले कम्तीमा कक्षा दशको अन्तिम परीक्षा (एस.ई.ई.) वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र,

(घ) जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्न केन्द्रले प्रदान गरेको इजाजतपत्र,

(ङ) उत्पादकले नेपालमा विक्री वितरण गर्न दिएको आधिकारिक वितरक पत्र ।

(२) उपदफा (१) अनुसार पेश भएका कागजात तथा विवरणको अध्ययन गरी केन्द्रले जीवनाशक विषादी पञ्जीकरण गर्न योग्य व्यक्ति, संस्था वा निकायलाई जीवनाशक विषादीको पञ्जीकरणका लागि आवश्यक प्रक्रिया अनुसारका कागजात तथा विवरण राख्न नेपाल राष्ट्रिय एकद्वार प्रणालीमार्फत अनुमति दिनेछ ।

४. <u>पञ्जीकरणका लागि पेश गर्नु पर्ने कागजात तथा विवरणहरुः</u> (१) जीवनाशक विषादीको पञ्जीकरणका लागि नेपाल राष्ट्रिय एकद्वार प्रणाली मार्फत देहाय अनुसारका कागजात तथा विवरण पेश गर्नु पर्नेछ ।

(क) जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ को अनुसूची-१ को ढाँचा अनुसारको उक्त जीवनाशक विषादीको आवेदनमा उल्लेखित विवरण,

(ख) जीवनाशक विषादी व्यवस्थापन नियमावलीको नियम ३ को उपनियम (१) (ङ), (च), (ज), (झ), (ञ), (ट), (ठ) र (ड) मा उल्लेखित कागजातहरु नेपाल राष्ट्रिय एकद्वार प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ ।

(२) नियमावलीको नियम ३ को उपनियम १ (छ) को सूचकपत्र तीन प्रति र कन्टेनर एक थान प्रदेशको कृषि हेर्ने मन्त्रालय मार्फत वा केन्द्रको विषादी व्यवस्थापन तथा पञ्जीकरण शाखामा बुझाउनु पर्नेछ ।

(३) नियमावलीको नियम ३ को उपनियम (१) (ड) बमोजिमको प्रयोगकर्ताका लागि नेपाली भाषामा लेखिएको अनुसूची-१ को ढाँचा बमोजिमको विवरण (सक्कल प्रति र इलेक्ट्रोनिक प्रति केन्द्रको विषादी व्यवस्थापन तथा पञ्जीकरण शाखा समक्ष बुझाउनु पर्नेछ) र केन्द्रले अभिलेख राख्नेछ।

(४) नेपाल राष्ट्रिय एकद्वार प्रणाली र केन्द्र समक्ष पेश गरिएका कागजात, विवरण, सूचकपत्र, कन्टेनर, नेपाली भाषामा तयार गरिएको पर्चा लगाएतका विवरणको अध्ययन, विश्लेषण गरी केन्द्रले केहि सुधार वा परिमार्जन गर्न आवश्यक देखेमा सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई नेपाल राष्ट्रिय एकद्वार प्रणालीवाट प्रश्न तथा लिखित जवाफ वा निर्देशन दिन सक्नेछ। प्रश्न तथा लिखित जवाफ वा निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

भोजराज सापकोटा
प्रमुख

(५) आवश्यकता अनुसार परिमार्जन गरी केन्द्रमा पेश भएका सूचकपत्र, कन्टेनर र प्रयोगकर्ताको लागि नेपाली भाषामा लेखिएको विवरण स्वीकृत पश्चात केन्द्रले अभिलेखिकरण सहित सुरक्षित राख्ने छ ।

(६) उपदफा (५) बमोजिम स्वीकृत भएको नेपाली भाषामा लेखिएको विवरणको प्रमाणित प्रति उपलब्ध गराउनेछ ।

(७) जीवनाशक विषादीको पञ्जीकरणका लागि केन्द्र प्रमुखवाट स्वीकृत भए पश्चात नियमावलीको अनुसूची-३ अनुसारको शुल्क लिइ नियमावलीको अनुसूची-४ को ढाँचामा प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

(८) पञ्जीकरणका लागि पेश भएका निवेदनहरु मध्ये नेपाल राजपत्रमा प्रकाशन भएका वाहेक कुनै जीवनाशक विषादीको संश्लेषणमा फरक रहेमा, सक्रिय तत्वको अंश फरक परेमा केन्द्र प्रमुखको अध्यक्षतामा विषादी व्यवस्थापन तथा पञ्जीकरण शाखाका वरिष्ठ वाली संरक्षण अधिकृत र वाली संरक्षण अधिकृतहरु सहितको कार्यदलले बैठक बसी निर्णय गर्नेछ । सो सम्बन्धमा थप छलफल गर्नु परेमा बैठकमा अन्य विज्ञलाई आमन्त्रित गर्न सक्नेछ ।

(९) पञ्जीकरणका लागि पेश भएका निवेदनहरु मध्ये कुनै नयाँ टेक्निकलको जीवनाशक विषादी भएमा केन्द्रले आवश्यकतानुसार विज्ञको राय लिन सक्नेछ ।

(१०) नयाँ टेक्निकलको जीवनाशक विषादीको पञ्जीकरणका लागि निवेदन पेश गर्ने व्यक्ति संस्था वा निकायलाई अनुसूची-२ को ढाँचामा केन्द्रले प्रस्तुतिकरण गर्न लगाउन सक्नेछ ।

५. <u>पञ्जीकरण इन्कार गर्न सक्ने</u>: (१) जीवनाशक विषादीको पञ्जीकरणका लागि पेश भएका कागजात तथा विवरणहरुमा नियमावलीको नियम ५ को उपनियम (३) को अवस्था पाइएमा पञ्जीकरण इन्कार गर्न सक्नेछ ।

६. <u>निवेदकले पालना गर्नु पर्ने सर्तहरुः</u> (१) जीवनाशक विषादी पञ्जीकरणका लागि निवेदन दिने निवेदकले जीवनाशक विषादीको व्यापारिक नाम दर्ता भएका जीवनाशक विषादीसंग हुबहु मिल्ने गरी राख्न पाइने छैन।

(२) जीवनाशक विषादीको उत्पादन गरिएको देशको एउटा पञ्जीकरण प्रमाणपत्र नं. वाट एक पैठारीकर्ताले दुई फरक व्यापारिक नामले जीवनाशक विषादी पञ्जीकरण गर्न पाइने छैन तर उत्पादकले सम्बन्धित देशमै दुई फरक व्यापारिक नाम प्रदान गरेको अवस्थामा केन्द्रले निर्णय गरी पञ्जीकरण गर्न सक्नेछ।

भोजराज सापकोटा
प्रमुख

(३) पञ्जीकरण गरिएको जीवनाशक विषादीसंग हुबहु रङ वा आकार तथा समान देखिने गरी झुक्काउने प्रयोजनले सूचकपत्र बनाउन पाइने छैन। यदि त्यसो गरेको पाइएमा दुवै पञ्जीकरण भएका जीवनाशक विषादी उपर छानविन गरी केन्द्रबाट पञ्जीकरणलाई निलम्बन वा खारेज गर्न सकिनेछ।

(४) दफा ५ का अतिरिक्त केन्द्रले जीवनाशक विषादीको उत्पादन गर्ने देशको ट्रेड मार्क रजिष्ट्रेसन सर्टिफिकेट माग्न सक्नेछ । उक्त मागेको विवरण बुझाउनु सम्बन्धित निवेदकको कर्तव्य हुनेछ ।

(५) जीवनाशक विषादी एक पटक केन्द्रमा पञ्जीकरण गराइसकेपछि उक्त जीवनाशक विषादीको सूचकपत्रमा कुनै परिवर्तन नभएमा अन्य इजाजतपत्र प्राप्त पैठारीकर्ताले केन्द्रमा पञ्जीकरण गराई राख्नु पर्ने छैन।

७. <u>पञ्जीकृत जीवनाशक विषादी पैठारी गर्ने</u>: (१) नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 906 मार्फत केन्द्रमा पञ्जीकरण गरेको जीवनाशक विषादी सम्बन्धित पञ्जीकरणकर्ताले पैठारी गर्न सक्नेछ। प्रचलित कानूनले प्रदान गरेको भन्सार छुटको सुविधा लिन केन्द्रको सिफारिस आवश्यकता परेमा नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 960 बाट निवेदन दिन सक्नेछ ।

(२) कुनै जीवनाशक विषादी कुनै व्यक्ति, संस्था वा निकायको नाममा पञ्जीकृत भैसकेको भए तापनि पञ्जीकृत गर्ने व्यक्ति, संस्था वा निकायबाहेक केन्द्रबाट जीवनाशक विषादीको व्यवसायीक इजाजतपत्र प्राप्त अन्य व्यक्ति, संस्था वा निकायले समेत सोही पञ्जीकृत जीवनाशक विषादी पैठारी गर्न चाहेमा, त्यस्तो व्यक्ति, संस्था वा निकायले नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 910 मार्फत निवेदन पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन दिंदा नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 910 बाट देहाय बमोजिमको विवरण र कागजातहरु नेपाल राष्ट्रिय एकद्वार प्रणाली मार्फत र केन्द्रले तोकेको सक्कल प्रति केन्द्रमा पेश गर्नु पर्नेछ ।

(क) पञ्जीकृत जीवनाशक विषादीको पैठारी स्वीकृतिका लागि निवेदन,

(ख) नेपालमा पञ्जीकृत भएको जीवनाशक विषादीको पञ्जीकरण प्रमाणपत्र वा केन्द्रको वेबसाइटमा प्रकाशित स्वीकृत नेपाली पर्चाको प्रतिलिपि,

(ग) अनुसूची– ३ को ढाँचामा प्रतिबद्धता पत्र,

(घ) अनुसूची– ४ को ढाँचामा नेपाली पर्चा सक्कल प्रति,

(ङ) पञ्जीकृत जीवनाशक विषादीको सूचकपत्र सक्कल प्रति,

(च) पञ्जीकरणकर्ता व्यक्ति, संस्था वा निकायबाहेक अन्य व्यक्ति, संस्था वा निकायले पञ्जीकृत भैसकेको जीवनाशक विषादी नेपालमा पैठारी गर्न चाहेमा सम्बन्धित उत्पादक वा उत्पादकबाट अधिकृत आधिकारीक बजार व्यवस्थापकले त्यस्तो व्यक्ति, संस्था वा

भोजराज सापकोटा
प्रमुख

नेपाल सरकार
प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

निकायलाई नेपालमा उक्त पञ्जीकृत जीवनाशक विषादी पैठारी तथा बिक्री वितरण गर्न प्रदान गरेको आधिकारिक अनुमति वा अधिकारपत्र,

(छ) जीवनाशक विषादी उत्पादन भएको मुलुकमा सम्बन्धित विषादी पञ्जीकृत भएको प्रमाणपत्रको प्रतिलिपि,

(ज) पैठारीकर्ताले आफूले पैठारी गर्ने जीवनाशक विषादीको सूचकपत्रमा आफ्नो EXIM Code उल्लेख गर्ने वा सम्बन्धित उत्पादक वा उत्पादकबाट अधिकृत आधिकारीक बजार व्यवस्थापकले निर्यात गर्ने जीवनाशक विषादीमा आधिकारीक वितरकहरु पिच्छे फरक फरक व्याच नम्बर उल्लेख गरेको शर्तनामा र सम्बन्धित पैठारीकर्ताले उक्त व्यवस्था पालना गर्ने सम्बन्धमा पेश गर्ने अनुसूची-५ को ढाँचामा प्रतिबद्धतापत्र,

(झ) जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्न केन्द्रले प्रदान गरेको इजाजतपत्र,

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदन तथा पेश भएका कागजातको केन्द्रले अध्ययन तथा आवश्यक जाँचबुझ गर्नेछ। निवेदन र पेश भएका कागजात प्रचलित कानून तथा सम्बन्धित जीवनाशक विषादीको स्वीकृत विवरणवमोजिम रहेको पाइएमा केन्द्रले त्यस्तो पञ्जीकृत जीवनाशक विषादीको पैठारी गर्न नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 910 मार्फत स्वीकृति प्रदान गर्नेछ।

(५) उपदफा (४) बमोजिम पैठारी स्वीकृति प्रदान गर्दा सम्बन्धित जीवनाशक विषादीको प्रत्येक कन्टेनर, प्याकेज वा बोरामा पैठारीकर्ताको **EXIM Code** उल्लेख भएको वा सम्वन्धित उत्पादक वा उत्पादकबाट अधिकृत आधिकारीक बजार व्यवस्थापकले आधिकारीक वितरकहरु पिच्छे फरक फरक व्याच नम्बर कायम गरी निर्यात गरेको हुनुपर्नेछ।

(६) पञ्जीकरणकर्ता व्यक्ति, संस्था वा निकायबाहेक अन्य व्यक्ति, संस्था वा निकायले पञ्जीकृत जीवनाशक विषादी पैठारी गर्दा मूल पञ्जीकरणमा स्वीकृत भएको जीवनाशक विषादीको नाम, सक्रिय तत्व, मात्रा वा प्रतिशत, फर्मुलेशन, प्याकिङ्ग, कन्टेनर साइज, उत्पादकका विवरण तथा स्वीकृत सूचकपत्र र नेपाली पर्चामा उल्लिखित अन्य कुनै विवरणमा कुनै किसिमको परिवर्तन, हेरफेर वा थपघट गर्न पाइने छैन।

(७) पैठारीकर्ताले पैठारीका लागि केन्द्रबाट स्वीकृत भएको सूचकपत्र तथा नेपाली पर्चा सुरक्षित राख्नुपर्नेछ र केन्द्र वा सम्बन्धित निकायले माग गरेमा तत्काल पेश गर्नुपर्नेछ।

(८) पञ्जीकृत जीवनाशक विषादीको पञ्जीकरणको अवधि समाप्त भएको, नवीकरण नभएको, पञ्जीकरण खारेज वा निलम्बन भएको अवस्थामा त्यस्तो जीवनाशक विषादीको पैठारी गर्न पाइने छैन। पञ्जीकरणको अवधि समाप्त भई नवीकरण नभएमा वा पञ्जीकरण खारेज वा निलम्बन भएमा त्यस्तो

भोजराज सापकोटा
प्रमुख

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

जीवनाशक विषादीको पैठारीका लागि यसअघि जारी गरिएको नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 910 स्वतः निष्क्रिय भएको मानिनेछ र सो सरहका कानूनी प्रावधान तथा शर्तहरु लागू हुनेछ ।

(९) पञ्जीकृत जीवनाशक विषादीको पैठारीका लागि जारी गरिएको नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 910 को स्वीकृति अवधि सम्बन्धित जीवनाशक विषादीको पञ्जीकरण कायम रहेको अवधिसम्म मात्र मान्य हुनेछ।

(१०) यस दफाबमोजिम पैठारी गरिएको जीवनाशक विषादीको प्रत्येक पटकको विवरण, परिमाण, व्याच नम्बर, उत्पादन मिति, म्याद समाप्त हुने मिति, उत्पादक तथा पैठारीकर्ताको विवरण पैठारीकर्ताले अभिलेखमा राख्नुपर्नेछ र केन्द्रले माग गरेमा उपलब्ध गराउनुपर्ने छ।

(११) नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 906 मार्फत स्वीकृत पञ्जीकरणकर्ता र नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 910 मार्फत पञ्जीकृत जीवनाशक विषादी पैठारी गर्न स्वीकृति प्राप्त पैठारीकर्ता दुवैले प्रचलित कानून बमोजिम भन्सार छुटको सुविधा लिन नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 960 बाट निवेदन दिन सक्नेछ।

८.थपघट वा हेरफेर गर्न सक्ने: यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन केन्द्रले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

९. अमान्य हुने: यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

१०. खारेजी र बचाउः (१)जीवनाशक विषादीको पञ्जीकरण गर्ने प्रक्रिया तथा कार्यविधि, २०८२ लाई खारेज गरिएको छ ।

(२) जीवनाशक विषादीको पञ्जीकरण गर्ने प्रक्रिया तथा कार्यविधि, २०८२ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

भोजराज सापकोटा
प्रमुख

## अनुसूची-१

## जीवनाशक विषादीको नमूना नेपालीपर्चाको ढाँचा

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।** (font size 14, Preeti)

विशेष सावधानीः कीराहरूमा यस विषादीप्रति प्रतिरोधात्मक क्षमता विकास हुनसक्ने सम्भावना रहेको र यस विषादी प्रतिरोध वर्ग-२८ मा पर्ने भएकाले सोही वर्गका अन्य कीटनाशक ( जस्तैः **Cyantraniliprole, lubendiamide, Tetraniliprole**) एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन ।

जीवनाशक विषादीको सामान्य नाम, सक्रिय तत्वको अंश, संश्लेषणको प्रकारः (font size 12, Preeti) (जस्तैः क्लोरएन्ट्रानिलिप्रोल १८.५% एस.सी., Chlorantraniliprole 18.5% SC (font size 10, Times new roman)

जीवनाशक विषादीको व्यापारिक नामः(font size 14, preeti) (जस्तैः **प्लस, Plus,** (font size 12, Times new roman)

जीवनाशक विषादीको लक्षित शत्रुजीवको आधारमा, कार्य प्रकृतिका आधारमा वर्गिकरणः(font size 12) ( जस्तै दैहिक कीटनाशक विषादी)

जीवनाशक विषादीको सिफारिश (font size 12)

### सिफारिस

| बाली | कीरा/ रोग/ झारको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नू अघि पर्खने अवधि (दिनमा) | ग्राम वा एमएल प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा ( के.जी) | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | | |
| रहरको दाल | कोसाको गभारो(Pod borer), कोसाको झिँगा (Pod fly) | १५० | ५००-७५० | २२ | ०.२–०.३ |

**प्रयोग गर्ने विधिः** (font size 12 heading:bold, inner text font size 10 Preeti)

विषादीको घोल तयार गर्दा छर्कने ट्यांकीमा आवश्यक पानीको करिब आधा मात्रा भरी सिफारिस गरिएको विषादीको मात्रा हालेर राम्रोसँग मिसाउनुहोस्। त्यसपछि बाँकी पानी थपेर पुनः राम्रोसँग चलाई एकनासको घोल तयार गर्नुहोस्। तयार गरिएको विषादीको घोल तुरुन्तै प्रयोग गर्नुहोस्। उखुः धमिरा, डाँठको अगौटे गभारो र टुप्पाको गभारो नियन्त्रणको लागि गानो भिजाउने (Sett Drenching) वा माटो भिजाउने (Soil Drenching) प्रविधि अपनाउनुपर्छ । उखुमा लाग्ने टुप्पाको गभारोको तेस्रो, चौथो र पाँचौं ब्रूड (Brood) स्टेजको नियन्त्रणको लागि जुन (June) महिनामा माटो भिजाउने (Soil Drenching) कार्य गर्नुपर्दछ । धान, कपास, बन्दागोभी, गोलभेड़ा, खुर्सानी, भटमास, भन्टा, रहर, चना, मास, तितो करेला र भिन्डी जस्ता अन्य बालीहरूमा कीराको आर्थिक क्षतिको अवस्थमा पुग्नुभन्दा अघि (ETL) न्यापस्याक स्प्रेयर (Knapsack Sprayer) को प्रयोग गरेर पातमा छर्कने (Foliar Spray) विधिबाट विषादी प्रयोग गर्नुपर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :** (font size 12 heading:bold, inner text font size 10 Preeti)

विषादी प्याकेट खोल्दा वा विषादी छर्किदा पञ्जा, रबर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदि लगाउनुहोस्र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस्। विषादी शरीरमा पर्न दिनुहुँदैन। विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस्र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन। स्प्रे ट्याङ्कीलाई यसको कुल क्षमताको ३/४ (तीन-चौथाई) भन्दा बढी नभर्नुहोस्। स्प्रेयरको नोजल बन्द भएमा त्यसलाई पातलो तार वा पिनले सफा गर्नुहोस्। मुखले फुकेर सफा गर्ने प्रयास कहिल्यै नगर्नुहोस्। शरीरमा विषादी पोखिएमा तुरुन्तै प्रशस्त पानीले धुनुहोस्।यो विषादी प्रयोग गरिरहेको वा भर्खरै प्रयोग गरेको

प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् **।(Font size 12, bold)**

चेतावनीः(font size 12) (जस्तैः बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।)

**सावधान, मध्यम घातक, निलो** font size; 12,)

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नं मा फोन गर्नुहोस – ०१-५५२१५९७ वा यो ठेगानामा इमेल गर्नुहोस info@npponepal.gov.np

विषादीको उत्पादक र वितरकको नाम ठेगाना (font size 12)

पञ्जीकरण/ पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं . (font size 12)

**नोटः कृपया पछाडी हेर्नुहोला ।**

भोजराज सापकोटा
प्रमुख

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र हरिहरभवन, ललितपुर

कुनै पनि व्यक्तिमा विषाक्तताको लक्षण देखिएमा तुरुन्तै चिकित्सकलाई बोलाउनुहोस्वा अस्पताल लैजानुहोस्। मौरीहरू परागसेचन (pollination) मा संलग्न भएका बालीहरूमा यो विषादी प्रयोग नगर्नुहोस्। माछाको लागि पनि विषाक्त हुने गर्दछ तसर्थ पानीको स्रोतलाई यो विषादी द्वारा संक्रमण गराउनुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा:** (font size 12 heading:bold, inner text font size 10 Preeti)

आँखा चिलाउने, धमिलो देखिने र विषादीको बाफ श्वासमार्फत शरीर भित्र गएमा नाकबाट पानी बग्ने जस्ता लक्षण देखिन सक्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार:** (font size 12 heading:bold, inner text font size 10 Preeti)

छालाको सम्पर्कमा आएमा प्रशस्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। आँखाको सम्पर्क भएमा प्रशस्त सफा पानीले राम्ररी पखाल्नुहोस्। आवश्यक परेमा चिकित्सकसँग परामर्श लिनुहोस्। श्वासमार्फत प्रवेश भएमा सामान्यतया कुनै विशेष उपचार सिफारिस गरिँदैन। यदि सेवन भएमा तुरुन्तै चिकित्सकसँग परामर्श गर्नुहोस्। नोटः बेहोस व्यक्तिलाई मुखबाट कुनै पनि वस्तु नदिनुहोस् । बान्ता गराउने प्रयास नगर्नुहोस् ।

**एण्टिडट:** (font size 12 heading, inner text font size 10 Preeti)

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरीएका भाँडाको विसर्जन:** (font size 12 heading: bold, inner text font size 10 Preeti)

विषादी राखिएको प्याकेट कहिल्यै पूनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस्। विषादीको खाली खोलहरु व अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढासुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था:** font size 12 heading:bold, inner text font size 10 Preeti)

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

उत्पादित देशको रजिष्टर नं. (font size 10)

नेपालमा पञ्जीकरण गरिएको नं.

चित्रात्मक संकेत:




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् । विषादी प्रयोग गर्दा सिफारिस गरेको बालीमा मात्र प्रयोग गर्नुहोस् । (Bold font size, 14, preeti)**

**विशेष सावधानीः** कीराहरूमा यस विषादीप्रति प्रतिरोधात्मक क्षमता विकास हुनसक्ने सम्भावना रहेको र यस विषादी प्रतिरोध वर्ग-२८ मा पर्ने भएकाले सोही वर्गका अन्य कीटनाशक ( जस्तै: **Cyantraniliprole, lubendiamide, Tetraniliprole**) एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन ।

नोट- विशेष सावधानी सम्बन्धी विवरण नेपाली पर्चाको माथिल्लो भाग वा पर्चाको पछाडी कुनै दुवै मध्य एक भागमा राख्नु पर्नेछ।

१ नेपालमा उत्पादन गरिएको विषादी वा नेपाल कृषि अनुसन्धान परिषदले विशेष सिफारिस गरेको वा जीवनाशक विषादी व्यवस्थापन समितिले विशेष निर्णय गरेकोमा सो बुँदा पर्चामा लेख्ने ।

२ नेपाली भाषामा पर्चामा लेख्ने । नेपाली भाषामा लेख्दा Preeti Font को प्रयोग गर्ने साथै उल्लेखित Font size मै लेख्नु पर्ने।

(यो पर्चाको नमूनामात्र हो। यसमा राखिएका सूचना पञ्जीकरण गर्न पेश गरेको जीवनाशक विषादी संग मेल नखान सक्छ अतः जीवनाशक विषादीको प्रकृती तथा गुण अनुसार यो पर्चा तयार गर्नु हुन अनुरोध छ । साथै use pattern, Material safety data sheet, efficacy, residue र ecotoxicology सम्बन्धी अनुसन्धानका तथ्यहरुलाई राम्ररी केलाई कृषकहरुलाई प्रवाह गर्नुपर्ने र स्पष्ट सूचना/जानकारी समावेश गर्नुपर्दछ।)

भोजराज सापकोटा
प्रमुख

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

Leaflet size – 11” X 8”

Paper Quality – 60 grams paper

Colour–Give background colour of leaflet as white and the font colour in black. Only pesticide toxicity (Red, Yellow, Blue and Green sign picture use the respective colour)

Font size –10-16 (As per above)

Pictograms: As per pesticide use

Read label before reading leaflets **(in bold letter)**

यस नेपाली पर्चाको मुख्य उद्देश्य कृषकलाई जीवनाशक विषादी बिक्री गर्ने समयमा विक्रेतामार्फत आवश्यक जानकारी उपलब्ध गराई जीवनाशक विषादीको सुरक्षित, प्रभावकारी तथा न्यायोचित प्रयोग सुनिश्चित गर्नु हो। पर्चा सहज रूपमा पढ्न र बुझ्न सकिने गरी अक्षरको आकार निर्धारण गरिएको छ। केन्द्रबाट जीवनाशक विषादी स्वीकृत गर्ने क्रममा त्यसको प्रयोगको विविधता तथा सिफारिसको प्रकृति (मानव स्वास्थ्य वा घरेलु प्रयोग, पशु स्वास्थ्य, बाली तथा बीउ उपचार लगायत) का आधारमा पर्चाको ढाँचा तथा विषयवस्तुमा केही भिन्नता हुन सक्नेछ। साथै, नेपाली पर्चामा तोकिएको अक्षरको आकारमा सामान्य रूपमा थोरै तलमाथि भएमा त्यसलाई त्रुटि भएको मानिने छैन। यो पर्चालाई पञ्जीकरण पश्चात प्रमुखले प्रमाणीत गरी केन्द्रको web sites मा राख्नु पर्नेछ ।

भोजराज सापकोटा
प्रमुख

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

अनुसूची-२

## नयाँ टेक्निकल जीवनाशक विषादी पञ्जीकरणका लागि पेश गर्नु पर्ने प्रस्तुतिको ढाँचा

**Information of Importer**

1. Name and Address of Importer:
   a. Company Name and Address……………………..
   b. License No…………………………………
   c. PAN No…………………………………
2. Business experience:
3. Number of authorization of import:
4. Name and address of manufacture:
5. ISO/License of manufacture:
6. Name and address of formulator:
7. License of manufacture:
8. Name of marketer and address:
9. Marketing agreement document:

**Presenter** (note: the presenter must be the technical person of the manufacture company)

Name:

Position:

Education:

Experience:

**Agenda**

a. Objective of Registration:
b. Intended Use sector:
c. Use category:
d. Name of pesticide…………………………(trade name) ……………………………..(Common name)
e. (Chemical abstracts Service) CAS Registry Number:
f. CAS Name:

भोजराज सापकोटा
प्रमुख

नेपाल सरकार

हरिहरभवन, ललितपुर

g. IUPAC (International Union of Pure and Applied Chemistry name):

**Pure active ingredient:**

i) Melting Point:

ii) Boiling point:

iii) Solubility:

iv) Density:

v) Active ingredient content (g/l, or g/Kg)......................

**Type of Formulation**.........................

**Physical and Chemical Properties:**

i) Color:

ii) Odor:

iii) Density:

iv) Flammability:

v) PH:

**Chemical composition of the product:**

**Mode of action:**

**Absorption, distribution and excretion of pesticide:**

**Justification for the registration based on scientifically substantiated evidence demonstrating that, compared with registered similar products, the proposed product provides equal or superior efficacy, an acceptable or improved safety and toxicological profile, a shorter pre-harvest interval (PHI), and greater cost-effectiveness, thereby providing a scientifically and agriculturally justified alternative for effective and safe pest management.**

**Information on LD-50 and ecotoxicology**

a. LD50 of the active ingredient/formulated product: (oral/dermal)

b. LC50

c. WHO classification/ GHS of classification...........

भोजराज सापकोटा

प्रमुख

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

**Use pattern**

| Common name : | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Crop | Target Pest | Uses | a. i. | Formulation | Dilution in water | Waiting period | MRL/ADI | Remarks |

**Human Health Issues (including acute and chronic):**

**Symptoms of poisoning and antidotes:**

**Pesticide container and storage:**

a. **Type of container:**
b. **Size of the container:**
c. **Specification of container:**
d. **Specific requirement for storage:**

**Information related to safe use of pesticide and human protection:**

**<u>Other attachments to be submitted during presentation</u>**

a. Authorized dealership letter issued from manufacturer or authorized distributor.
b. Approved label in the country of registration
c. Approved manufacture license of the manufacture company (if applicable)
d. Material Safety data sheet specific to the formulated product, issued by manufacturer.
e. Authenticated Foreign Registration Certificate (with the detail information of manufacturer)
f. Primary Research papers/data of the pesticide regarding its effectiveness, residue, eco-toxicology ( including impact on human health and environment)
g. Authorized Use pattern

After satisfactory presentation, hard copies of following documents need to be submitted as informed by centre:

Pesticide label-and leaflet

- Original label (with complete information)
- Printed Nepali label for Nepali farmers (sample copy)
- Leaflets in Nepali language (Sample copy)

भोजराज सापकोटा
प्रमुख

अनुसूची– ३

## जीवनाशक विषादी पञ्जीकरण गर्ने बाहेकका अन्य पैठारीकर्तामार्फत पञ्जीकृत जीवनाशक विषादी पैठारी गर्ने प्रयोजनका लागि नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 910 मा पेश गर्ने प्रतिबद्धतापत्रको ढाँचा

श्रीमान् प्रमुखज्यू,
प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर।

**विषयः प्रतिबद्धता सम्बन्धमा।**

उपर्युक्त विषयमा, यस केन्द्रमा विधिवत् रूपमा पञ्जीकृत रहेको ..............................................उत्पादकको.......................... पञ्जीकरणकर्ताको.... पञ्जीकरण नं. को ...................................... नाशक जीवनाशक विषादी नेपालमा पैठारी गर्ने प्रयोजनका लागि मेरो कम्पनी......................................को विषादी पैठारी इजाजतपत्र .....................................मार्फत नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 910 को स्वीकृति प्राप्त गर्न निवेदन पेश गरेको छु। उक्त जीवनाशक विषादीको पञ्जीकरण, पैठारी, बिक्री– वितरण तथा प्रयोगसम्बन्धी प्रचलित कानून, पञ्जीकरणका शर्त, स्वीकृत विवरण तथा यस केन्द्रबाट समय– समयमा जारी गरिएका निर्देशन एवं मापदण्डको पूर्ण पालना गर्ने गराउने विषयमा देहायबमोजिमका प्रतिबद्धताहरू व्यक्त गर्दछु।

तपसिल

१. साविकमा सम्वन्धित पञ्जीकरणकर्ताले स्वीकार गरेका सम्पूर्ण शर्त, दायित्व तथा पञ्जीकरणका क्रममा पेश गरेका कागजात, विवरण र प्रतिबद्धताहरूलाई मान्य गरी तिनको पूर्ण पालना गर्नेछु।

२. पञ्जीकरणका क्रममा पेश गरिएका कागजात, विवरण, ठेगाना, उत्पादक, संरचना, सक्रिय पदार्थ, ब्रान्ड नाम, लेबल, प्रयोगसम्बन्धी सिफारिस वा अन्य स्वीकृत विवरणमा कुनै परिवर्तन भएमा केन्द्रको पूर्वस्वीकृति प्राप्त नगरी त्यस्तो परिवर्तन गर्ने वा गराउने छैन। त्यस्तो परिवर्तन भएमा सोको यथार्थ विवरण तथा आवश्यक प्रमाणसहित केन्द्रलाई अनिवार्य रूपमा जानकारी गराउनेछु।

३. मैले पैठारी तथा बिक्री– वितरण गर्ने जीवनाशक विषादीको गुणस्तर, सुरक्षा, प्रभावकारिता, लेबलमा उल्लिखित विवरण, स्वीकृत प्रयोग, प्रयोगसम्बन्धी सिफारिस तथा प्रचलित कानूनबमोजिम पालना गर्नुपर्ने सम्पूर्ण दायित्वका सम्बन्धमा पञ्जीकरणकर्तासरह स्वयं जिम्मेवार तथा जवाफदेही हुनेछु।

४. केन्द्रको पञ्जीकरण अभिलेखमा कायम रहेको सम्बन्धित पञ्जीकरणकर्ताले उक्त जीवनाशक विषादीको पञ्जीकरण कायम राख्न नचाहेमा, तोकिएको अवधिमा पञ्जीकरण नवीकरण नगरेमा वा कुनै कारणबाट पञ्जीकरण खारेज, निलम्बन वा निष्क्रिय भएमा त्यसको प्रत्यक्ष प्रभाव उक्त जीवनाशक विषादीको पैठारी तथा बिक्री– वितरणमा समेत स्वतः लागू हुने तथ्यमा पूर्ण रूपमा जानकार तथा मञ्जुर छु। यस्तो अवस्थामा उक्त जीवनाशक विषादीको पैठारी तथा बिक्री– वितरण कार्य केन्द्रको आदेशानुसार तत्काल रोक्नेछु।

भोजराज सापकोटा
प्रमुख

५. जीवनाशक विषादीको पैठारीका लागि नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 910 स्वीकृति प्राप्त गर्न पेश गरिने विषादीको सूचकपत्र (Label) मा मेरो **EXIM Code Number** स्पष्ट रूपमा उल्लेख गर्ने वा सम्बन्धित उत्पादकबाट मेरो लागि छुट्टै **Batch/Lot Number** कायम गरी सोहीअनुसार उत्पादन तथा पैठारी गर्ने व्यवस्था सुनिश्चित गर्नेछु। उक्त व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नुका साथै सोसम्बन्धी अभिलेख, कागजात तथा प्रमाणहरू सुरक्षित राखी केन्द्रले माग गरेको अवस्थामा तत्काल पेश गर्नेछु।

६. मैले पैठारी गर्ने जीवनाशक विषादी पञ्जीकरणका क्रममा स्वीकृत भएको नाम, संरचना, सक्रिय पदार्थको मात्रा, formulation, गुणस्तर, लेबल, प्याकिङ, प्रयोगसम्बन्धी सिफारिस तथा अन्य स्वीकृत विवरणअनुरूप मात्र हुने सुनिश्चित गर्नेछु। स्वीकृत विवरणभन्दा फरक जीवनाशक विषादी पैठारी, बिक्री– वितरण वा बजारमा प्रवाह गर्ने छैन।

७. सम्बन्धित जीवनाशक विषादीको पैठारी गर्नुअघि प्रचलित कानूनबमोजिम आवश्यक सबै स्वीकृति, प्रमाणपत्र, कागजात तथा अनुमति प्राप्त गर्नेछु। नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 910 को स्वीकृति प्राप्त भएको आधारमा मात्र अन्य आवश्यक कानूनी प्रक्रिया पूरा भएको मानिने छैन भन्ने विषयमा पूर्ण रूपमा जानकार छु।

८. उक्त जीवनाशक विषादीको पैठारी, भण्डारण, बिक्री– वितरण तथा प्रयोगका क्रममा मानव स्वास्थ्य, पशु स्वास्थ्य, वातावरण, माटो, पानी, गैरलक्षित जीव तथा कृषि उत्पादनमा पर्न सक्ने जोखिम न्यूनीकरणका लागि प्रचलित कानून तथा केन्द्रबाट स्वीकृत सुरक्षा मापदण्डको पूर्ण पालना गर्नेछु।

९. जीवनाशक विषादीको गुणस्तर, लेबल, प्याकिङ, ब्याच/लट नम्बर, उत्पादन मिति, म्याद समाप्त हुने मिति तथा अन्य नियामकीय विवरणमा कुनै किसिमको हेरफेर, प्रतिस्थापन, पुनःलेबलिङ वा भ्रामक विवरण प्रयोग गर्ने छैन र त्यस्तो कार्य हुन दिने पनि छैन।

१०. केन्द्रबाट निरीक्षण, अनुगमन, परीक्षण वा अभिलेख परीक्षणका क्रममा माग गरिएका जीवनाशक विषादीसम्बन्धी कागजात, पैठारी अभिलेख, बिक्री– वितरणसम्बन्धी विवरण, ब्याच/लटसम्बन्धी अभिलेख तथा अन्य आवश्यक प्रमाण उपलब्ध गराउनेछु र केन्द्रबाट दिइएका वैधानिक निर्देशनको पालना गर्नेछु।

११. यस प्रतिबद्धतापत्रमा उल्लिखित कुनै पनि शर्तको उल्लङ्घन भएमा वा पेश गरिएका विवरण तथा कागजात झुट्टा, भ्रामक वा अपूर्ण प्रमाणित भएमा प्रचलित कानूनबमोजिम हुने सम्पूर्ण कारबाही, नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 910 को स्वीकृति रद्द वा निलम्बन तथा अन्य नियामकीय दायित्व स्वीकार गर्नेछु।

१२. जीवनाशक विषादी पञ्जीकरण प्रक्रिया तथा कार्यविधि, २०८३ को पूर्ण पालना गर्न मञ्जुर छु ।

१३. यस प्रतिबद्धतापत्रमा उल्लिखित सम्पूर्ण व्यहोरा मैले पढी, बुझी तथा स्वीकार गरी, प्रचलित कानून र यस केन्द्रबाट स्वीकृत शर्तहरूको पूर्ण पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। यस प्रतिबद्धतापत्रमा उल्लिखित कुनै पनि शर्त उल्लङ्घन भएमा त्यसबाट उत्पन्न हुने कानूनी दायित्व तथा कारबाही स्वीकार गर्न मञ्जुर छु।

**माथि उल्लिखित व्यहोरा सत्य, तथ्यपरक तथा मेरो जानकारीअनुसार सही रहेको प्रमाणित गर्दै यो प्रतिबद्धतापत्र स्वेच्छाले पेश गरेको छु।**

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

फर्म/कम्पनीको नामः ..............................................................................

ठेगानाः ..............................................................................

इजाजतपत्र नं. ..............................................................................

**EXIM Code No.:** ..............................................................................

प्रतिबद्धता पेश गर्ने पैठारीकर्ताको नामः/प्रतिनिधिको नामः ..............................................................................

पदः ..............................................................................

सम्पर्क नं.: ..............................................................................

इमेलः ..............................................................................

हस्ताक्षरः ..............................................................................

फर्म/कम्पनीको छापः ..............................................................................

मितिः ..............................................................................

पञ्जीकरणकर्ताको नामः ..............................................................................

पञ्जीकरण नं.: ..............................................................................

सम्बन्धित जीवनाशक विषादीको नामः ..............................................................................

पञ्जीकृत जीवनाशक विषादीको उत्पादक / उत्पादकबाट अधिकृत आधिकारीक वजार व्यवस्थापकको नाम ठेगाना

उक्त जीवनाशक विषादीको उत्पादित देशको पञ्जीकरण नं.

भोजराज सापकोटा
प्रमुख

अनुसूची-४

पञ्जीकृत जीवनाशक विषादी अन्य पैठारीकर्ताले पैठारी गर्ने प्रयोजनका लागि नेपाल राष्ट्रिय एकद्वार प्रणालीको LPCO 910 मा राख्नु पर्ने जीवनाशक विषादीको नमूना नेपालीपर्चाको ढाँचा

जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।(font size 14, Preeti)

विशेष सावधानीः कीराहरूमा यस विषादीप्रति प्रतिरोधात्मक क्षमता विकास हुनसक्ने सम्भावना रहेकोले यस विषादी प्रतिरोध वर्ग-२८ मा पर्ने भएकाले सोही वर्गका अन्य कीटनाशक ( जस्तैः Cyantraniliprole, lubendiamide, Tetraniliprole) एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन ।

जीवनाशक विषादीको सामान्य नाम, सक्रिय तत्वको अंश, संश्लेषणको प्रकारः (font size 12, Preeti) (जस्तैः क्लोरएन्ट्रानिलिप्रोल १८.५% एस.सी., Chlorantraniliprole 18.5% SC (font size 10, Times new roman)

जीवनाशक विषादीको व्यापारिक नामः(font size 14, preeti) (जस्तैः **प्लस, Plus,** (font size 12, Times new roman)

जीवनाशक विषादीको लक्षित शत्रुजीवको आधारमा, कार्य प्रकृतिका आधारमा वर्गिकरणः(font size 12) ( जस्तै दैहिक कीटनाशक विषादी)

जीवनाशक विषादीको सिफारिश (font size 12)

सिफारिस

| बाली | कीरा/ रोग/ झारको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नू अघि पर्खने अवधि (दिनमा) | ग्राम वा एमएल प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा ( के.जी) | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | | |
| रहरको दाल | कोसाको गभारो(Pod borer), कोसाको झिँगा (Pod fly) | १५० | ५००-७५० | २२ | ०.२–०.३ |

**प्रयोग गर्ने विधिः** (font size 12 heading:bold, inner text font size 10 Preeti)

विषादीको घोल तयार गर्दा छर्कने ट्यांकीमा आवश्यक पानीको करिव आधा मात्रा भरी सिफारिस गरिएको विषादीको मात्रा हालेर राम्रोसँग मिसाउनुहोस्। त्यसपछि बाँकी पानी थपेर पुनः राम्रोसँग चलाई एकनासको घोल तयार गर्नुहोस्। तयार गरिएको विषादीको घोल तुरुन्तै प्रयोग गर्नुहोस्। उखुः धमिरा, डाँठको अगौटे गभारो र टुप्पाको गभारो नियन्त्रणको लागि गानो भिजाउने (Sett Drenching) वा माटो भिजाउने (Soil Drenching) प्रविधि अपनाउनुपर्छ । उखुमा लाग्ने टुप्पाको गभारोको तेस्रो, चौथो र पाँचौं ब्रूड (Brood) स्टेजको नियन्त्रणको लागि जुन (June) महिनामा माटो भिजाउने (Soil Drenching) कार्य गर्नुपर्दछ । धान, कपास, बन्दागोभी, गोलभेडा, खुर्सानी, भटमास, भन्टा, रहर, चना, मास, तितो करेला र भिन्डी जस्ता अन्य बालीहरूमा कीराको आर्थिक क्षतिको अवस्थमा पुग्नुभन्दा अघि (ETL) न्यापस्याक स्प्रेयर (Knapsack Sprayer) को प्रयोग गरेर पातमा छर्कने (Foliar Spray) विधिबाट विपादी प्रयोग गर्नुपर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :** (font size 12 heading:bold, inner text font size 10 Preeti)

विषादी प्याकेट खोल्दा वा विषादी छर्किदा पञ्जा, रवर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदि लगाउनुहोस्र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस्। विषादी शरीरमा पर्न दिनुहुँदैन। विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस्र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन। स्प्रे ट्याङ्कीलाई यसको कुल क्षमताको ३/४ (तीन-चौथाई) भन्दा बढी नभर्नुहोस्। स्प्रेयरको नोजल बन्द भएमा त्यसलाई पातलो तार वा पिनले सफा गर्नुहोस्। मुखले फुकेर सफा गर्ने प्रयास कहिल्यै नगर्नुहोस्।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।(Font size 12, bold)**

चेतावनीः(font size 12) (जस्तैः बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।)

**सावधान, मध्यम घातक, निलो** font size; 12,)

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नं मा फोन गर्नुहोस – ०१-५५२१५९७ वा यो ठेगानामा इमेल गर्नुहोस् ।
info@npponepal.gov.np

विषादीको उत्पादक र वितरकको नाम ठेगाना (font size 12)

नोटः कृपया पछाडी हेर्नुहोला ।

भोजराज सापकोटा
प्रमुख

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

शरीरमा विषादी पोखिएमा तुरुन्तै प्रशस्त पानीले धुनुहोस्।यो विषादी प्रयोग गरिरहेको वा भर्खरै प्रयोग गरेको कुनै पनि व्यक्तिमा विषाक्तताको लक्षण देखिएमा तुरुन्तै चिकित्सकलाई बोलाउनुहोस्वा अस्पताल लैजानुहोस्। मौरीहरू परागसेचन (pollination) मा संलग्न भएका बालीहरूमा यो विषादी प्रयोग नगर्नुहोस्। माछाको लागि पनि विषाक्त हुने गर्दछ तसर्थ पानीको स्रोतलाई यो विषादी द्वारा संक्रमण गराउनुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा:** (font size 12 heading:bold, inner text font size 10 Preeti)

आँखा चिलाउने, धमिलो देखिने र विषादीको बाफ श्वासमार्फत शरीर भित्र गएमा नाकबाट पानी बग्ने जस्ता लक्षण देखिन सक्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार:** (font size 12 heading:bold, inner text font size 10 Preeti)

छालाको सम्पर्कमा आएमा प्रशस्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। आँखाको सम्पर्क भएमा प्रशस्त सफा पानीले राम्ररी पखाल्नुहोस्। आवश्यक परेमा चिकित्सकसँग परामर्श लिनुहोस्। श्वासमार्फत प्रवेश भएमा सामान्यतया कुनै विशेष उपचार सिफारिस गरिँदैन। यदि सेवन भएमा तुरुन्तै चिकित्सकसँग परामर्श गर्नुहोस्। नोटः बेहोस व्यक्तिलाई मुखबाट कुनै पनि वस्तु नदिनुहोस् । बान्ता गराउने प्रयास नगर्नुहोस् ।

**एण्टिडट:** (font size 12 heading, inner text font size 10 Preeti)

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरीएका भाँडाको विसर्जन:** (font size 12 heading: bold, inner text font size 10 Preeti)

विषादी राखिएको प्याकेट कहिल्यै पूनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस्। विषादीको खाली खोलहरु व अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढासुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था:** font size 12 heading:bold, inner text font size 10 Preeti)

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

उत्पादित देशको रजिष्टर नं. (font size 10)

नेपालमा पञ्जीकरण गरिएको नं. (font size 12)

पञ्जीकरणकर्ताको नाम(font size 8)

पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं. (font size 12)

चित्रात्मक संकेत:



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् । विषादी प्रयोग गर्दा सिफारिस गरेको बालीमा मात्र प्रयोग गर्नुहोस् । (Bold font size, 14, preeti)**

**विशेष सावधानीः** कीराहरूमा यस विषादीप्रति प्रतिरोधात्मक क्षमता विकास हुनसक्ने सम्भावना रहेकोले यस विषादी प्रतिरोध वर्ग-२८ मा पर्ने भएकाले सोही वर्गका अन्य कीटनाशक ( जस्तै: Cyantraniliprole, lubendiamide, Tetraniliprole) एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन ।

नोट- विशेष सावधानी सम्बन्धी विवरण नेपाली पर्चाको माथिल्लो भाग वा पर्चाको पछाडी कुनै दुवै मध्य एक भागमा राख्नु पर्नेछ।

१ नेपालमा उत्पादन गरिएको विषादी वा नेपाल कृषि अनुसन्धान परिषदले विशेष सिफारिस गरेको वा जीवनाशक विषादी व्यवस्थापन समितिले विशेष निर्णय गरेकोमा सो बुँदा पर्चामा लेख्ने ।

२ नेपाली भाषामा पर्चामा लेख्ने । नेपाली भाषामा लेख्दा Preeti Font को प्रयोग गर्ने साथै उल्लेखित Font size मै लेख्नु पर्ने।

(यो पर्चाको नमूनामात्र हो। यसमा राखिएका सूचना पञ्जीकरण गर्न पेश गरेको जीवनाशक विषादी संग मेल नखान सक्छ अतः जीवनाशक विषादीको प्रकृती तथा गुण अनुसार यो पर्चा तयार गर्नु हुन अनुरोध छ । साथै use pattern, Material safety data sheet, efficacy, residue र ecotoxicology सम्बन्धी अनुसन्धानका तथ्यहरुलाई राम्ररी केलाई कृषकहरुलाई प्रवाह गर्नुपर्ने र स्पष्ट सूचना/जानकारी समावेश गर्नुपर्दछ ।

भोजराज सापकोटा
प्रमुख

Leaflet size – 11" X 8"
Paper Quality – 60 grams paper
Colour–Give background colour of leaflet as white and the font colour in black. Only pesticide toxicity (Red, Yellow, Blue and Green sign picture use the respective colour)
Font size – 6- 18
Pictograms: as per pesticide use

Read label before reading leaflets **(in bold letter)**

यस नेपाली पर्चाको मुख्य उद्देश्य कृषकलाई जीवनाशक विषादी बिक्री गर्ने समयमा विक्रेतामार्फत आवश्यक जानकारी उपलब्ध गराई जीवनाशक विषादीको सुरक्षित, प्रभावकारी तथा न्यायोचित प्रयोग सुनिश्चित गर्नु हो। पर्चा सहज रूपमा पढ्न र बुझ्न सकिने गरी अक्षरको आकार निर्धारण गरिएको छ। केन्द्रबाट जीवनाशक विषादी स्वीकृत गर्ने क्रममा त्यसको प्रयोगको विविधता तथा सिफारिसको प्रकृति (मानव स्वास्थ्य वा घरेलु प्रयोग, पशु स्वास्थ्य, बाली तथा बीउ उपचार लगायत) का आधारमा पर्चाको ढाँचा तथा विषयवस्तुमा केही भिन्नता हुन सक्नेछ। साथै, नेपाली पर्चामा तोकिएको अक्षरको आकारमा सामान्य रूपमा थोरै तलमाथि भएमा त्यसलाई त्रुटि भएको मानिने छैन।

भोजराज सापकोटा
प्रमुख

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

अनुसूची-५

उत्पादक वा उत्पादकबाट अधिकृत आधिकारीक बजार व्यवस्थापकले जीवनाशक विषादी पञ्जीकरण गर्ने बाहेकका अन्य पैठारीकर्तामार्फत पञ्जीकृत जीवनाशक विषादी निर्यात/ वितरण गर्ने सम्बन्धमा पेश गर्ने प्रतिबद्धतापत्र

## UNDERTAKING BY MANUFACTURER/ AUTHORIZED EXPORTER

For Supply of Registered Pesticide to an Importer Other Than the Registrant

**To:**
The Chief
**Plant Quarantine and Pesticide Management Centre (PQPMC)**
Harihar Bhawan, Lalitpur, Nepal

**Subject: Undertaking for Supply of Registered Pesticide to Other Importer in Nepal**

We,................,being the manufacturer/authorized exporter of the registered pesticide................(Registration No. ..............), hereby undertake that the said pesticide supplied/exported to:
**Name of Importer:** .......................................................................................
**Address:**.........................................................................................................
**EXIM Code No.:** ............................................................................................
for importation into Nepal shall be the **same product registered and approved by the competent authority of Nepal** and shall conform to the approved composition, formulation, specifications, packaging, labelling and other registration particulars.
We further undertake that:

1. The pesticide supplied shall not differ from the registered and approved product in its composition, quality or formulation.
2. The **importer's name and EXIM Code**, Batch/Lot Number and other required identification details shall be provided on the relevant product/consignment documents and/or packaging as required by PQPMC.
3. We shall assign and maintain a distinct batch number for each authorized importer and ensure that the product is exported accordingly.
4. Complete records of the product supplied, including **Batch/Lot Number, manufacturing date, quantity, importer and date of dispatch**, shall be maintained by the manufacturer/exporter for traceability.
5. The pesticide shall not be supplied for importation into Nepal if its registration is expired, suspended or cancelled, unless otherwise authorized by the competent authority.
6. We shall cooperate with PQPMC and other competent authorities in verification of the product, its quality and traceability whenever required.

We declare that the information provided above is true and correct and undertake to comply with the applicable laws, regulations and requirements of Nepal concerning the importation and management of pesticides.

Manufacturer/Exporter
**Name:** ..........................................................................................................
**Address:** .......................................................................................................
**Manufacturing Site:** ........................................................................................
**Name of Authorized Representative:** ..........................................................
**Designation:** .................................................................................................
**Email:** .................................................... **Telephone:** .......................
**Signature:** ................................................ **Official Seal:** ..................
**Date:** ....................................................... **Place:** ...........................

भोजराज सापकोटा
प्रमुख